# बीउ बिजन आत्मनिर्भर कार्यक्रम सञ्चालन विधि, २०८१

**प्रस्तावना**ः मधेश प्रदेशमा खाद्यान्न, दलहन र तेलहन बालीको बीउ बिजनको उपलब्धता तर्फ आत्मनिर्भरताको लागि एकद्वार प्रणाली मार्फत् यसको उत्पादन, प्रशोधन, प्याकेजिङ्ग, लेबलिङ्ग, भण्डारण वितरण तथा बजारीकरण संयन्त्र विकास गरी बालीनालीको उत्पादन तथा उत्पादकत्वमा वृद्धि गर्नको लागि "कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि, २०७६" को दफा ४ को उपदफा २ बमोजिम भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, मधेश प्रदेश (मन्त्रिस्तरीय निर्णय) बाट तत्काल लागू हुने गरी यो सञ्चालन विधि स्वीकृत गरिएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ**ः (१) यस कार्यक्रम सञ्चालन विधिको नाम "बीउ बिजन आत्मनिर्भर कार्यक्रम सञ्चालन विधि, २०८१" रहेको छ।

(२) यो सञ्चालन विधि मन्त्रालयवाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ।

२. **परिभाषा**ः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा –

(क) **अनुदान** भन्नाले यस सञ्चालन विधि अनुसार कार्यक्रम सञ्चालनका लागि प्रदान गरिने आर्थिक सहुलियतलाई सम्झनु पर्छ।

(ख) **आवेदन** भन्नाले यस सञ्चालन विधिको अनुसूची – ३ बमोजिमको प्राविधिक तथा आर्थिक विवरण समेटिएको प्रस्तावलाई सम्झनु पर्छ।

(ग) **कार्यक्रम सञ्चालन गर्ने निकाय** भन्नाले निर्देशनालय वा कार्यालय सम्झनु पर्छ।

(घ) **कार्यालय** भन्नाले जिल्ला स्थित कृषि ज्ञान केन्द्र सम्झनु पर्छ।

(ङ) **निर्देशनालय** भन्नाले मन्त्रालय अन्तर्गतको कृषि विकास निर्देशनालय सम्झनु पर्छ ।

(च) **प्राविधिक प्रतिवेदन** भन्नाले यस सञ्चालन विधिको प्रस्तावनामा निहीत उद्देश्य अनुसार सञ्चालित वा सञ्चालन हुने कार्यक्रम/क्रियाकलापहरुको स्थलगत अनुगमन र सुपरिवेक्षण गरी तयार गरिएको प्राविधिक विवरण सहितको प्रतिवेदनलाई जनाउँछ।

(छ) **बीउ बिजन आत्मनिर्भर कार्यक्रम** भन्नाले खाद्यान्न, दलहन र तेलहन बालीको मूल/ प्रमाणित/ उन्नत बीउ उत्पादन कार्यक्रम सम्झनु पर्छ।

(ज) **मन्त्रालय** भन्नाले मधेश प्रदेश सरकारको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयलाई सम्झनु पर्छ।

(झ) **लाभग्राही** भन्नाले खाद्यान्न, दलहन र तेलहन बालीको मूल/प्रमाणित/उन्नत बीउ बिजन उत्पादन तथा बजारीकरणको लागि इजाजतपत्र प्राप्त गरेका कृषि सहकारी वा कृषक समूह वा फार्म वा कम्पनी वा उद्योगलाई सम्झनु पर्छ।

३. **प्रस्तावमा समावेश हुन सक्ने विषयगत क्षेत्रहरुः** (१) आवेदकले देहायका विषयमा प्रस्ताव पेश गर्न सक्नेछः

(क) खाद्यान्न, दलहन र तेलहन बालीको मूल, प्रमाणित र उन्नत बीउ उत्पादन यान्त्रिकीकरणका लागि स्वचालित तथा एट्याचमेन्ट कृषि यन्त्र खरीद सम्बन्धी कार्यहरु।

(ख) पोष्टहार्भेष्ट सेन्टर स्थापना (गोदाम भवन, बीउ सुकाउने Floor) सम्बन्धी कार्यहरु।

(ग) खाद्यान्न, दलहन र तेलहन बालीको गुणस्तरीय बीउ उत्पादनका लागि ड्राईङ्ग, प्रशोधन, बीउ परीक्षण, ट्रिटीङ्ग, प्याकेजिङ्ग, लेबलिङ्ग, ढुवानी, भण्डारण, वितरण तथा बजारीकरण सम्बन्धी कार्यहरु।

(घ) सीप विकास तथा क्षमता अभिवृद्धि सम्बन्धी कार्यहरु।

४. **कार्यक्रम सञ्चालन विधिः**

(१) **सूचना प्रकाशनः** (क) कार्यक्रम सञ्चालन गर्ने निकायले कम्तिमा एक्काईस दिनको म्याद दिई अनुसूची – १ बमोजिमको सूचना प्रकाशन गरी प्रचलित कानून अनुसार दफा ४ बमोजिमको कार्य गर्न चाहने इच्छुक तथा योग्य लाभग्राहीले अनुसूची – २ बमोजिमको ढाँचामा आवेदनसँगै अनुसूची – ३ बमोजिमको प्रस्ताव पेश गर्न सक्नेछ।

(ख) उक्त म्याद भित्र पर्याप्त आवेदन पेश हुन नआएमा सात दिनको म्याद थप गरी पुनः सूचना प्रकाशन गरिनेछ र उक्त थप म्यादभित्र समेत गरी जे जति सँख्यामा आवेदन संकलन भएपनि कार्यक्रम सञ्चालन गर्न बाधा पुग्ने छैन।

(२) **लाभग्राहीको पूर्व योग्यताः** यस कार्यक्रममा सहभागी हुन देहाय बमोजिमका लाभग्राहीहरुले आवेदन दिन सक्नेछन्।

(क) प्रचलित कानुन बमोजिम बीउ बीजन उत्पादन/प्रशोधन/बिक्री बितरण र व्यवस्थापन ईजाजत पत्र प्राप्त लाभग्राही, र

(ख) लगानीको सुनिश्चितताका लागि लाभग्राहीहरुको प्रयाप्त लगानी गर्न सक्ने क्षमता भएको र यसको लागि बैंकको कर्जा लगानीको सुनिश्चितता पत्र वा आफै सक्षम भएको अवस्थामा लगानी प्रतिवद्धता सहितको बैंक खाताको स्टेटमेन्ट।

(३) प्राप्त आवेदन प्रस्तावहरुको मूल्याङ्कन दफा ५ बमोजिम गठित मूल्याङ्कन समितिले गर्नेछ।

(४) यस कार्यक्रम अन्तर्गत भौतिक पूर्वाधार निमार्ण तथा यन्त्र उपकरण खरिद सम्बन्धी कार्यको हकमा सम्बन्धित इन्जिनीयरिङ्ग सेवाका प्राविधिकबाट विनियोजित बजेटको परिधिभित्र रही नियमानुसार प्राविधिक स्पेसिफिकेशन/डिजाईन तथा लागत अनुमान तयार गराई कार्यक्रम



विनय कुमार कर्ण
सचिव

सञ्चालन गर्ने निकायको प्रमुखले स्वीकृत गरी कार्यक्रम सञ्चालन गर्नुपर्ने छ। लागत अनुमानमा अनुदानग्राही सहभागिता वापत व्यहोर्नु पर्ने निर्धारित रकम र कन्टिन्जेन्सी वापत हुने रकम समेत समावेश गरी लागत अनुमान तयार गर्नु पर्नेछ।

**५. प्रस्ताव मूल्याङ्कन समितिः** (१) पेश भएका आवेदन प्रस्तावहरुको मुल्याङ्कनका लागि देहाय बमोजिमको प्रस्ताव मुल्याङ्कन समिति रहनेछः

| | |
|---|---|
| (क) कार्यक्रम सञ्चालन गर्ने निकायको प्रमुखले तोकेको अधिकृत | संयोजक |
| (ख) बीउ बिजन प्रयोगशालाको प्रमुख/प्रतिनिधि | सदस्य |
| (ग) कार्यक्रम सञ्चालन गर्ने निकायका आर्थिक शाखाका कर्मचारी | सदस्य |
| (घ) मन्त्रालयको प्रतिनिधि | सदस्य |
| (ङ) कार्यक्रम सञ्चालन गर्ने अधिकृत | सदस्य-सचिव |

(२) मूल्याङ्कन समितिले आवश्यकता अनुसार सम्बन्धित विषयको बढीमा दुई जना विज्ञ आमन्त्रण गर्न सक्नेछ ।

(३) प्रस्ताव मूल्याङ्कन गर्दा अनूसुची – ३ बमोजिम प्रस्तावित क्रियाकलाप अपेक्षित उद्देश्यसँग सम्बन्धी भए/नभएको हेरी क्रियाकलाप अनुसारको वजेट समेतको मुल्याङ्कन गरी प्रस्तावको कूल लागत अनुमान सहित अनूसुची – ४ बमोजिम मूल्याङ्कन गर्नु पर्नेछ।

(४) मूल्याङ्कन समितिले प्रस्तावाहरुको दफा ६ को उपदफा ३ बमोजिमको मूल्याङ्कन पश्चात् प्राप्ताङ्कको आधारमा लाभग्राहीको योग्यता सहितको नामावली स्वीकृतिको लागि कार्यालय प्रमुख समक्ष सिफारिस गर्नु पर्नेछ।

(५) कार्यक्रम सञ्चालन गर्ने निकायले छनौट सूची प्रकाशित गर्नेछ र सो को लिखित जानकारी निर्देशनालय र मन्त्रालयमा समेत दिनु पर्नेछ ।

(६) कार्यक्रम सञ्चालनको लागि छनौट भएका आवेदकबाट कार्यक्रम सञ्चालन गर्ने निकायले अनुसूची – ५ बमोजिमको प्रतिबद्धता पत्र लिई अनुसूची – ६ बमोजिम सम्झौता गरी कार्यादेश दिनेछ।

**६. सञ्चालन हुने क्रियाकलाप वा विषयगत क्षेत्रहरुः** बीउ बिजन आत्मनिर्भर कार्यक्रम अन्तर्गत देहाय बमोजिमका कार्यक्रमहरु सञ्चालन हुने छन्

(१) सरोकारवालाहरुलाई अभिमुखीकरणः कार्यक्रम कार्यान्वयन हुने क्षेत्रमा सुचिकृत भएका लाभग्राहीहरु तथा अन्य सरोकारवालाहरुलाई कार्यक्रम सञ्चालन बारे विस्तृत रुपमा जानकारी गराउन एक दिने अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिने छ।

डा. विनय कुमार कर्ण
प्रदेश सचिव

(२) प्रजनन् बीउ उत्पादन कार्यक्रम: नेपाल कृषि अनुसन्धान परिषद् अन्तर्गतका निकायहरु मार्फत् यस प्रदेशका लागि आवश्यक प्रजनन् बीउ उत्पादन गराउन सकिनेछ र सोको लागि आवश्यक पूर्वाधार तथा अन्य व्यवस्थापनमा सहयोग गर्न सकिनेछ।

(३) मूल/स्रोत/प्रमाणित/लेबल/उन्नत बीउ उत्पादन कार्यक्रम: बीउ उत्पादनका लागि छनौट भएका लाभग्राहीरु मार्फत आवश्यक बीउ उत्पादन गराउन सकिनेछ र सोको लागि आवश्यक पूर्वाधार तथा अन्य व्यवस्थापनमा सहयोग गर्न सकिनेछ।

(४) खाद्यान्न, दलहन र तेलहनको बीउ उत्पादनमा यान्त्रिकीकरणका लागि कृषि यन्त्र खरिद सम्बन्धी कार्यहरु: बीउ उत्पादनमा यान्त्रिकीकरण प्रवर्द्धनका लागि कार्यक्रम कार्यान्वयन हुने क्षेत्रमा छनौट भएका लाभग्राहीहरुलाई बीउ उत्पादनका लागि आवश्यक विभिन्न कृषि मेशिनरी यन्त्र उपकरणहरुमा (स्वचालित तथा एट्याचमेन्ट) सहयोग गरिनेछ।

(५) पोष्टहार्भेष्ट सेन्टर स्थापना कार्यक्रम: कार्यक्रम कार्यान्वयन हुने क्षेत्रमा उत्पादन भएका बीउलाई भण्डारण तथा गुणस्तर कायम गर्न गोदाम भवन, बीउ सुकाउने Floor स्थापना गर्न आर्थिक प्रोत्साहन गरिनेछ।

(६) खाद्यान्न, दलहन र तेलहनको गुणस्तरीय बीउ उत्पादनका लागि ड्राईङ्ग, प्रशोधन, गुणस्तरीकरण, बीउ परिक्षण, ट्रिटीङ्ग, प्याकेजिङ्ग, लेबलिङ्ग र ढुवानी, भण्डारण, वितरण तथा बजारीकरण सम्बन्धी कार्यहरु:- कार्यक्रम कार्यान्वयन हुने क्षेत्रमा बीउ प्रशोधन, भण्डारण, बजारीकरण लगायतका क्रियाकलापहरुका लागि आवश्यक पर्ने विभिन्न मेशिनरी औजार उपकरणहरुमा अनुदानग्राहीलाई प्रोत्साहन/अनुदान उपलब्ध गरिनेछ।

७. **अनुदानको अधिकतम सीमा:** यस कार्यक्रम अन्तरगतको प्रस्ताव स्विकृत गर्दा क्रियाकलाप सम्बन्धी खर्च गर्न सक्ने अधिकतम अनुदान तथा निजी लगानी सम्बन्धी सिमा **"कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि, २०७६"** मा व्यवस्था भए बमोजिम हुनेछ।

८. **भुक्तानी व्यवस्था:** (१) लाभग्राहीसँग भएको सम्झौता बमोजिम कार्य सम्पन्न भएको विल भर्पाइ लगायत अन्य आवश्यक कागजात सहित सम्पादित कार्यको भुक्तानी माँग गर्नु पर्नेछ। तर भौतिक पूर्वाधार निर्माण र यन्त्र उपकरण खरिद तथा जडान सम्बन्धी कार्यको हकमा लाभग्राहीले सम्बन्धित इन्जीनियरीङ्ग सेवाका प्राविधिकबाट कार्यसम्पन्न मूल्याङ्कन गराई कार्य सम्पन्न प्रतिवेदन सहित भुक्तानीको लागी माँग गर्नु पर्नेछ।

डा. विनय कुमार कर्ण
प्रदेश सचिव

(२) लाभग्राहीबाट कार्यालयमा भुक्तानी माँग गरी पेश गरेको निवेदनसाथ कार्यक्रम सञ्चालन भएको जग्गा, निवेदक र संचालित कार्यक्रमको गतिविधि उही फोटोमा देखिने गरी खिचिएको कम्तीमा ३ थान स्थिर फोटोहरु अनिवार्यरुपमा समावेश गर्नु पर्नेछ।

(३) रितपूर्वकको कागजात सहित भुक्तानी माँग भएको प्रस्तावको सम्पन्न कार्यको प्राविधिक प्रतिवेदन प्राप्त गरी प्रतिवेदनमा सिफारिस भएको रकम तथा संलग्न बिल भरपाई मिलान गरि नियमानुसार सम्बन्धित लाभग्राहीको खातामा भुक्तानी हुनेछ।

९. अनुगमन तथा प्रतिवेदनः संचालित कार्यक्रमहरु उद्देश्य अनुरुप कार्य सम्पादन तथा उपलब्धी सम्बन्धमा मन्त्रालय, निर्देशनालय तथा कार्यालयबाट नियमित अनुगमनको व्यवस्था मिलाइनेछ।

१०. संशोधनः मन्त्रालयले यस सञ्चालन विधिमा आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ ।

डा. विनय कुमार कर्ण
प्रदेश सचिव

## अनुसूची – १

### दफा ४ को उपदफा (१) सोसँग सम्बन्धित

### बीउ बिजन आत्मनिर्भर कार्यक्रमका लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८ ...... /..../.....

यस कार्यालयको ............., को चालु आ. व. ............ को स्वीकृत कार्यक्रम अनुसार बीउ बिजन आत्मनिर्भर कार्यक्रम रहेको हुंदा सो कार्यक्रम सञ्चालन गर्न ईच्छुक लाभग्राहीहरुले यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र परियोजना प्रस्ताव सहित तपसिल अनुसारको कागजातहरु सहित निवेदन पेश गर्नका लागि सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल:

१. संस्था/कम्पनी दर्ता र गत आ.व. सम्म नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि,
२. कृषि ज्ञान केन्द्रको सिफारिस,
३. लाभान्वित वर्गको बीउ बिजनको क्षेत्रमा अनुभव,
४. लाभान्वित वर्गको लगानीको सुनिश्चितता,
५. प्रस्तावित कार्यक्रमले समेट्ने क्षेत्रफल/संख्या,
६. पान/भ्याट दर्ता प्रमाण पत्रको प्रतिलिपि। एक वर्षभन्दा पुरानो अनुदानाग्राहीको हकमा कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि र लेखा परीक्षण प्रतिवेदनको प्रतिलिपि,
७. कार्यक्रममा सहभागी हुने कृषकहरुको जग्गाधनीपूर्जाको प्रतिलिपि,
८. आवेदक संस्थाले गर्नु पर्ने बैंकको कर्जा लगानीको सुनिश्चितता पत्र वा आफै सक्षम भएको अवस्थामा बैंक खाताको स्टेटमेन्टको प्रतिलिपि,
९. कार्यक्रमसँग सम्बन्धित आवश्यक अन्य कागजातहरु।

डा. विनय कुमार कर्ण
प्रदेश सचिव

अनुसूची – २

दफा ४ को उपदफा (१) सँग सम्बन्धीत

<u>बीउ बिजन आत्मनिर्भर कार्यक्रमका लागि आवेदकले पेश गर्ने निवेदन</u>

मितिः ..........................

श्रीमान् प्रमुख ज्यू

............................... ।

विषय : <u>कार्यक्रमको लागि अनुदान सहयोग सम्बन्धमा</u>

प्रस्तुत विषयमा त्यस कार्यालयबाट मिति २०८..../..../.... मा सुचना भए अनुसार **बीउ बिजन आत्मनिर्भर कार्यक्रम** सञ्चालनका लागि यसैसाथ संलग्न प्रस्तावमा उल्लेख भए अनुसार सो कार्यक्रम सचालन लागि जम्मा रु. ......... अक्षरेपि रु. ..........................को कार्ययोजना तयार गरी अन्य आवश्यक कागजातहरु सहित नियमानुसार अनुदान सहयोग पाउनको लागि यो निवेदन पेश गरेको व्यहोरा अनुरोध गर्दछु/गर्दछौं। साथै तपसिल अनुसारका कागजातहरु यसै निवेदन साथ पेश गरेको व्यहोरा अनुरोध गर्दछु/गर्दछौं।

**संलग्न कागजातहरु**

१. निवेदनको साथ रु १०।- को टिकट र नागरिकताको प्रतिलिपि।
२. सँस्था/कम्पनी दर्ताको गत आ.व. सम्म नविकरण भएको प्रमाण पत्रको प्रतिलिपि।
३. पान/भ्याट दर्ता प्रमाण पत्रको प्रतिलिपि। एक वर्षभन्दा पुरानो कम्पनीको हकमा कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि र लेखा परीक्षण प्रतिवेदन।
४. जमिनको स्वामित्व सँस्था/कम्पनी/प्रोप्राइटरको नाममा रहेको लालपुर्जा।
५. प्रस्तावको विवरण
६. .............................................
७. ..........................................
८. .............................................
९. .............................................

निवेदकको हस्ताक्षरः

नामः

संस्थाको नामः

ठेगानाः

मोबाईल नंः

छापः

डा. विनय कुमार कर्ण
प्रदेश सचिव

अनुसूची – ३

दफा ४ को उपदफा (१) सँग सम्बन्धित

<u>प्रस्तावको विवरण</u>

१) लाभग्राहीको नाम :........................................................................................................

ठेगानाः

जिल्लाः .................

न.पा./गा.पाः .........................

गाँउ/टोलः ........................

२) दर्ता नम्बर र मितिः ......................................

३) कार्यक्रमको नामः ..............................................

४) कार्यक्रम स्थल

जिल्लाः ...............................

न.पा./गा.पाः ............................

वडा नं.: ...............................

गाँउ/टोलः .......................................

५) कार्यक्रम प्रारम्भ हुने मितिः ...................................

६) कार्यक्रम सम्पन्न हुने मितिः ........................................

७) बीउ बिजन उत्पादन तथा प्रशोधनका लागी बालीको विवरण

| क्र.सं. | बाली तथा जात | लगाएको क्षेत्रफल | लगाउने वा थप विस्तार क्षेत्रफल | सहभागी कृषक संख्या (उत्पादन) | उत्पादकत्व | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| | | | | | | |
| | | | | | | |

८) संस्थाको वित्तिय विवरण

७.१ स्थीर पूँजी रु. ..................................................................................

७.२ कार्यशील पुँजी रु. ............................................................

७.३ कार्यक्रम खर्च रु. ..........................................

९) लाभाग्राहीले माग गर्ने क्रियाकलापहरु :

| क्र.स. | क्रियाकलापहरु | क्षमता | अनुमानित लागत | साझेदारी रकम |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| | | | | |
| | | | | |

१०) लाभग्राहीले व्यहोर्ने लागत प्रतिशतः .................................

डा. विनय कुमार कर्ण
प्रदेश सचिव

११) नेपाल सरकारको अन्य निकायबाट वित्तीय सहयोग प्राप्त गरेको वा प्राप्त गर्न आवेदन दिएको भए खुलाउने:

.......................................................................................................................................

.......................................................................................................................................

१२) आयोजना उत्पादन स्थलमा पूर्वाधारको स्थिति (√ चिन्ह लगाउनुहोस)

| | |
|---|---|
| विजुली | |
| सिँचाइ | |
| पक्की सडक | |
| कच्ची सडक | |

१३) आयोजना प्रशोधन स्थलमा पूर्वाधारको स्थिति (√ चिन्ह लगाउनुहोस)

| | |
|---|---|
| विजुली | |
| पक्की सडक | |
| कच्ची सडक | |

१४) कार्यालयको भौतिक स्थिति :

| | |
|---|---|
| आफ्नै भवन | |
| भाडाको घर | |

१५) संस्थागत सुशासनको स्थितिः

| | | | | |
|---|---|---|---|---|
| सञ्चालक समितिको बैठक नियमित | छ | | छैन | |
| वार्षिक साधारण सभा नियमित | छ | | छैन | |
| लेखा परिक्षण नियमित | छ | | छैन | |
| संघहरुमा आबद्धता | छ | | छैन | |
| कार्यसञ्चालन नियमावली | छ | | छैन | |

छ भने कतिवटाः

| | | | | |
|---|---|---|---|---|
| आयोजना सम्भाव्यता अध्ययन | छ | | छैन | |

१६) बीउ उत्पादन क्षेत्रको अवस्थाः

क) कलष्टर ☐ ख) कलष्टरमा नभएको ☐

१७) अन्य कुनै कुरा भए खुलाउने :

.......................................................................................................................................

.......................................................................................................................................

........................

अध्यक्षको हस्ताक्षर

नाम, थरः

संस्थाको नामः

ठेगानाः

संस्थाको छापः

मितिः

डा. विनय कुमार कर्ण
प्रदेश सचिव

अनुसूची – ४

दफा ५ को उपदफा (३) सँग सम्बन्धित

प्रस्ताव छनौटका लागि मूल्याङ्कनका आधारहरु

| क्र.सं. | सूचकाङ्क आधार | पूर्णाङ्क |
|---|---|---|
| १. | कार्यक्रमको लाभान्वित कृषक संख्या (१-२५ सम्म - ५ अङ्क, २६-५० सम्म - ७ अङ्क र सो भन्दा बढी भए १० अङ्क) | १० |
| २. | बीउ बिजन उत्पादन हुने क्षेत्रफल (५ हे. सम्म - ५ अंक, ६-१० हे. सम्म - ७ अङ्क र सो भन्दा माथि - १० अङ्क) | १० |
| ३. | प्रस्तावित बालीको भौगोलिक तथा प्राविधिक उपयुक्तता | १० |
| ४. | बीउ प्रशोधन तथा बजारीकरणको लागि आवश्यक पूर्वाधार (जग्गा, सडक, विद्युतिकरण आदि) | १० |
| ५. | दक्ष जनशक्तिको अवस्था (रहेको - ५ अङ्क, नरहेको - ०) | ५ |
| ६. | बीउ उत्पादन तथा प्रशोधन गर्ने बाली (खाद्यान्न - ५ अङ्क, दलहन वा तेलहन - १० अङ्क, सबै -१५ अङ्क) | १५ |

डा. विनय कुमार कर्ण
प्रदेश सचिव

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
जनकपुरधाम, नेपाल

## अनुसूची – ५

### प्रतिवद्धता पत्र

......................................को मिति.................को सूचना अनुसार बीउ बिजन आत्म निर्भर कार्यक्रममा सहभागिताको लागि इच्छुक भई सोको कार्ययोजना सहितको आवेदन पेश गरेको/का छु/छौं । यस आ.व. भन्दा अगाडि यस कार्यक्रमको प्रकृतिसँग मिल्दोजुल्दो कार्यहरुको लागि अन्य कुनै पनि निकायबाट कुनै किसिमको अनुदान प्राप्त गरेको छैन र यस कार्यक्रमबाट प्राप्त गर्ने अनुदान कार्यक्रमको उद्देश्य अनुसारको कार्यको लागि मात्र प्रयोग गर्ने प्रतिबद्धता व्यक्त गर्दछु/छौं। यस प्रतिवद्धता पत्रमा उल्लेखित व्यहोरा हरतरहले ठीक साँचो हो। झुठा ठहर भएमा प्रचलित कानुन बमोजिम सहुँला/बुझाउँला।

लाभग्राहीको तर्फबाट

नामः

पदः

संस्थाको नामः

ठेगानाः

सम्पर्क नं.

दस्तखतः

मितिः

छापः

| दायाँ | बाँया |
|---|---|
| | |

डा. विनय कुमार कर्ण
प्रदेश सचिव

## अनुसुची – ६

## सम्झौता-पत्र

श्री ..................., ...................... (यस पछि प्रथम पक्ष भनिने) र ...................... जिल्ला....................... पालिका वडा नं........ को श्री ...................... (यस पछि दोश्रो पक्ष भनिने) बीच सहकार्यमा आ.व. २०८..../..... को स्वीकृत बीउ बिजन आत्मनिर्भर कार्यक्रमका मधेश प्रदेशको ............................जिल्ला.............................. पालिकाको वडा नं...............मा सञ्चालन गर्न तपसिल बमोजिमका शर्तका अधिनमा रही यो सम्झौता-पत्रमा हस्ताक्षर गरी लियौं/दियौं ।

तपसिल :

१. यो सम्झौता, सम्झौता भएको मितिबाट प्रारम्भ हुनेछ ।
२. दोस्रो पक्षले यो कार्यक्रम सञ्चालनका लागि स्वीकृत प्रस्ताव तथा लागत ईष्टिमेट अनुसार कार्य गर्नु पर्नेछ। सम्झौता बोजिमको कार्यक्रम मिति...............साल..................महिना..............गते सम्म सम्पन्न गरी आवश्यक काग्जात सहित दोस्रो पक्षले पहिलो पक्ष समक्ष भुक्तानीको लागि पेश गर्नु पर्नेछ ।
३. दोस्रो पक्षले स्वीकृत लागत इष्टिमेट अनुसार .................... कार्य गरेको हुनु पर्ने छ। यसरी कार्यक्रमको कुल लागतको बढीमा ....... प्रतिशतले हुन आउने रु. ................. अक्षेरुपी ............................ रकम अनुदान स्वरुप पहिलो पक्षले दोस्रो पक्षलाई उपलब्ध गराउने छ ।
४. सम्झौता भएको मितिले १५ दिन भित्र लागत ईष्टिमेट अनुसार कार्य शुरु गरिसक्नु पर्नेछ ।
५. दोस्रो पक्षले खाद्यान्न/दलहन/तेलहनको मूल/प्रमाणीत र उन्नत बीउ उत्पादन तथा बजारीकरणको लागि आवश्यक सम्पूर्ण पूर्वाधारहरु यसै वर्ष सम्पन्न गर्नुपर्ने छ र प्रथम पक्षले यसमा आवश्यक सहजीकरण गर्नु पर्नेछ।
६. दोश्रो पक्षले कार्यक्रम सञ्चालन भएको स्थानमा अनुदान रकम र लागत साझेदारी सहितको विस्तृत विवरण झल्किने गरी सबैले देख्ने स्थानमा होडिङ बोर्ड राख्नु पर्नेछ ।
७. बीउ विजन उत्पादन गर्दा दोस्रो पक्षले बीउ बिजन प्रयोगशाला, मधेश प्रदेशको समन्वयमा बीउ निरिक्षण, प्रमाणिकरण, खडा बाली निरिक्षण लगायत अन्य आवश्यक कार्यहरु गर्नु पर्नेछ ।
८. दोस्रो पक्षले उत्पादित बीउबिजन विक्री गर्दा प्रथम पक्षसँग समन्वय गर्नु पर्नेछ ।
९. आयोजना समपन्न भई हस्तान्तरण भईसकेपछि सोको सम्बन्धित सम्पुर्ण जिम्मेवारी दोश्रो पक्षको हुनेछ।
१०. सम्झौता बमोजिमको कार्य गर्ने सम्बन्धमा कुनै बिबाद आएमा प्रथम पक्षको निर्णय नै अन्तिम मानिनेछ ।
११. दोश्रो पक्षद्वारा वदनियतपूर्ण तरिकाले जानीजानी वा अन्जानमा भए पनि नियमानुसार प्राप्त गरेको सरकारी अनुदान दुरुपयोग भएको ठहर भएमा प्रचलित कानुन बमोजिम दण्ड/सजाय भोग्नु पर्नेछ।
१२. यस सम्झौतामा उल्लेख भएका नियमहरु यसै बमोजिम र यसमा उल्लेख नभएका विषयहरु प्रचलित कानून बमोजिम लागू हुनेछ ।

प्रथम पक्षको तर्फबाट

नाम, थरः

पदः

कार्यालयको नाम र छापः

मितिः

साक्षीहरु

दोश्रो पक्षको तर्फबाट

नाम, थर :

पद :

संस्थाको नाम र छाप :

मिति :

साक्षीहरु

(नोटः- यो सम्झौतामा कार्यक्रम सञ्चालन गर्ने निकायले आवश्यकता अनुसार थप गर्न सक्नेछ ।)

विनय कुमार कर्ण
सचिव